नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बाजुरा

मिति: २०८३/०६/२७
नेपाल संवत ११४६

Email मार्फत कागजात उपलब्ध गराईने सम्बन्धी सूचना ।

प्रस्तुत बिषयमा यस जिल्लाका स्थानीय तहहरु अन्तर्गतका वडा कार्यालयहरूबाट प्राप्त हुने सिफारिस सहितको कागजातका आधारमा यस कार्यालयबाट दुर्गम तथा पिछडीएको क्षेत्र, दलित, जनजाति र खस आर्य समुदायको बासिन्दा लगायत प्रामाणित गरिदैं आएकोमा सेवाग्राही यस कार्यालयमा नै आई सेवा लिंदा सेवाग्राहीहरूको थप समय र रकम समेत खर्च हुने देखिएकोले सेवाग्राहीहरूको अधिकतम हितलाई ध्यानमा राख्दै अनलाइन मार्फत तथा घरदैलोमा नै नागरिकहरूलाई सेवा प्रवाह गर्ने नेपाल सरकारको नीति अनुरूप मिति २०८३/०६/२८ गतेदेखि सम्बन्धित व्यक्तिको निवेदन, नागरिकताको छायाँप्रति र वडा कार्यालयको सिफारिस सहितका कागजात सम्बन्धित वडा कार्यालय वा कार्यपालिकाको कार्यालय मार्फत यस कार्यालयको ईमेल ठेगाना **bajuradao99@gmail.com** मा प्राप्त भए पश्चात व्यहोरा प्रमाणित गरी सो पत्र सम्बन्धित सेवाग्राहीले प्राप्त गर्नेगरी सोही ईमेलमार्फत पठाईने व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

लक्ष्मण पुडासैनी
सहायक प्रमुख जिल्ला अधिकारी